# सुन्दरहरैंचा नगरपालिका

SUNDARHARAINCHA MUNICIPALITY

## नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

बिराटचोक, मोरङ

**Biratchowk, Morang**

कोशी प्रदेश, नेपाल

**Koshi Province, Nepal**

F/Y प.सं. २०८२/०८३

**कानुनी परामर्शका लागि आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशन मितिः२०८२।१०।०६ गते (ने.सं.११४६)

सुन्दरहरैंचा नगरपालिकामा न्यायिक समितिको निर्णय तथा नगरपालिकाले गरेको निर्णयको विरुद्धमा प्रतिवादीको रुपमा अदालतमा दर्ता भएको मुद्दा र नगरपालिका वादी भइ दर्ता हुने मुद्दाको सम्बन्धमा समग्र नगरपालिकाको हितमा रहने गरी मुद्दाको रक्षा/प्रतिरक्षा सम्बन्धी सुरु देखी अन्तिम किनारा सम्मका कार्य हरु गर्ने/गराउने तथा न्यायिक समिति र नगरपालिकालाई लिखित कानूनी तथा न्यायिक राय दिने गरी एक बर्षका लागि **एक कानुन व्यवसायी संस्था/फर्म वा व्यक्ति आवश्यक भएको**ले देहाय बमोजिमको योग्यता पुगेको इच्छुक कानुन व्यवसायी संस्था/फर्म वा नेपाली नागरिकहरुले तोकिएका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन (प्रस्ताव पेश गर्ने अन्तिम दिन २०८२/१०/२० गते सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा तोकिएको कागजात सहित यस नगरपालिकाको कार्यालयमा आर्थिक प्रस्ताव पेश गर्नुहुन सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५ को उपदफा (१) को (क१) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरुः

१. कार्य जिम्मेवारीः-

- ✓ सुन्दरहरैंचा नगरपालिका वादी/प्रतिवादी भई जिल्ला अदालत र उच्च अदालतमा दर्ता भएको वा दर्ता गर्नुपर्ने मुद्दा को सम्बन्धमा फिराद पत्र तयार तथा दर्ता गर्ने, प्रतिउत्तर तयार गरी पेश गर्ने, पेशि लिने, वहसका लागि अध्ययन तथा कागजात तयार गरी पेश गर्ने, वहस र तर्क प्रस्तुत गर्ने र फैलसाको निर्णय नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्ने लगायत मुद्दाको सुरु देखी अन्तिम किनारा सम्मका सम्पूर्ण कार्यहरु गर्नु पर्दछ ।
- ✓ सुन्दरहरैंचा नगरपालिकाको न्यायिक समिति र नगर कार्यपालिकाको कार्यालयलाई लिखित रुपमा न्यायिक र कानुनी परामर्श दिनुपर्दछ ।

२. न्यूनतम योग्यता र आवश्यक कागजातः-

संस्थाको हकमाः

- ✓ संस्था/फर्म दर्ताको प्रमाणपत्र (नविकरण भएको), नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- ✓ संस्था/फर्म २०८१/०८२ को करचुक्ताको प्रमाणपत्र
- ✓ शैक्षिक योग्यताको प्रमाणपत्र, अधिवक्ताको प्रमाणपत्र र ५ बर्ष देखि जिल्ला र उच्च अदालतमा नियमित वकालत गर्दै गरेको खुल्ने प्रमाण
- ✓ अनुभव सम्बन्धी प्रमाण
- ✓ संस्था/फर्म भए सो संस्था/फर्ममा कार्यरत जनशक्ति र सेवा दिने सम्बन्धी खाका
- ✓ प्रचलित कानूनले अयोग्य नभएको र कारबाहीमा नपरेको स्व- घोषणा

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

# सुन्दरहरैँचा नगरपालिका

SUNDARHARAINCHA MUNICIPALITY

## नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

बिराटचोक, मोरङ

**Biratchowk, Morang**

कोशी प्रदेश, नेपाल

**Koshi Province, Nepal**

F/Y प.सं. २०८२/०८३

व्यक्तिको हकमाः

- ✓ नेपाली नागरिकताको प्रतिलिपि
- ✓ २१ बर्ष उमेर पुरा भएको
- ✓ मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन बिषयमा स्नातक उत्तीर्ण गरी अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको तथा जिल्ला अदालत र उच्च अदालतमा कम्तिमा विगत ५ बर्ष देखि नियमित वहस गर्दै आएको
- ✓ प्रचलित कानुनले अयोग्य नभएको र कारवाहीमा नपरेको स्व-घोषणा
- ✓ अनुभव सम्बन्धी प्रमाण
- ✓ भ्याटमा दर्ता भएको भए आ.व २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्र

३. सेवा प्रदान गर्ने अवधिः-

- ✓ हाल लाई सम्झौता भएको मितिले एक(१) बर्ष हुनेछ।

४. सेवा सुविधाः-

- ✓ सूचना बमोजिम योग्य व्यवसायी फर्म वा व्यक्तिले प्रस्ताव गरेको न्यूनतम रकम। तोकिएको दिन भन्दा अधिक दिन कार्य गर्नु पर्ने भएमा नगरपालिकाले थप भूक्तानी गर्ने छैन।

५. काम गर्नुपर्ने स्थान, समय र अन्य ब्यवस्थाः-

- ✓ मासिक न्यूनतम ७ दिन कार्य गर्नुपर्नेछ। नगर कार्यपालिकाको कार्यालयले आवशयक ठानेमा वा कार्यालयलाई कानूनी परामर्श दिनु परेमा कार्यालयमा उपस्थित भई लिखित न्यायिक तथा कानूनी परामर्श दिनु पर्नेछ। अन्य दिन अदालत सम्बन्धी कार्य गर्नु/गराउनु पर्नेछ।
- ✓ मासिक ७ दिन भन्दा बढी कार्य गर्नु पर्ने भएमा थप दायित्व नगरपालिकाले व्यहोर्ने छैन।
- ✓ कार्यसम्पादनका लागि आवश्यक पर्ने स्टेशनरी नगरपालिकाले उपलब्ध गराउने छ।
- ✓ तारेख बुझेको मुद्दा दर्ता गरेको लगायतका लाग्ने सरकारी राजश्व तथा दस्तुर नगरपालिकाले व्यहोर्नेछ।

६. अनुगमन र प्रतिवेदनः-

- ✓ सम्पादन गरेका कार्यहरुको दैनिक, साप्ताहिक र मासिक रुपमा प्रतिवेदन लिखितरुपमा नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

७. छनौट विधिः-

- ✓ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१) को (क१) बमोजिम

थप जानकारीका लागि सुन्दरहरैँचा नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत